कार्यविधि

# घोराही उपमहानगरपालिका

# बालकल्याण समिति कोष (सञ्चालन) कार्यविधि, २०७५

**घोराही उप महानगरपालिका**

**दाङ्

कार्यविधि

# घोराही उपमहानगरपालिका

## बालकल्याण समिति कोष (सञ्चालन) कार्यविधि, २०७५

परिचय

जोखिम अवस्थामा रहेका वा रहन सक्ने बालबालिकालाई तत्काल उद्धार गरी बालअधिकारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र सम्मानको लागि आवश्यक व्यवस्था गर्न केन्द्रीय बालकल्याण समितिले देहाय बमोजिमको बालकल्याण समिति कोष (स ञ्चालन) कार्यविधि, २०६९ र बालबालिका सम्वन्धि ऐन २०७५ को अधिनमा रही बालकल्याण समिति कोष (सञ्चालन) कार्यविधि, २०७५जारी गरिएको छ ।

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क)यो कार्यविधिको नाम “बालकल्याण समिति कोष (सञ्चालन) कार्यविधि, २०७५” रहनेछ ।

(ख)यो कार्यविधि नगर प्रमुख ज्युबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(ग) “मन्त्रालय” भन्नाले प्रदेश मन्त्रालय सम्झनुपर्दछ ।

२) प्रदेश भन्नाले : ५ प्रदेशलाई सम्झनु पर्नेछ

३) कार्यालय प्रमुख भन्नाले : प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ

(घ)“वालकल्याण अधिकारी” भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्त हुने वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(ङ.)“स्थानीय तह” भन्नाले घोराही उपमहानगरपालिका सम्झनुपर्दछ ।

(च) “कोष” भन्नाले दफा ४ बमोजिमको बालकल्याण समिति कोष सम्झनु पर्छ ।

(छ) बाल कोष भन्नाले बालबालिका सम्वन्धि ऐन २०७५ को दफा ६३ लाइ सम्झनु पर्दछ ।

(ज) यस कोषमा रकम नेपाल सरकार ,प्रदेश ,सरकार, स्थानीय तहवाट विनियोति रकम, वडा वाट कोषको लागि प्राप्त रकम, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था वाट प्राप्त रकम,

**(झ) “जोखिम अवस्थामा रहेका बालबालिका” भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ**

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(३) ऋृणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,

(५) दूर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसग सम्बन्धित रहेको कारणले बेवारीस भएको,

(७) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धकमा परेको,

(१३) सडक वालबलिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

(१५) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण विहिन अवस्थामा फेला परेको शिशु,

(१६) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

(१७) समितिले तोकेका अन्य बालबालिका ।

(ग) “मन्त्रालय” भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले दफा ८ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

**३. बालकल्याण समिति कोषको उद्धेश्यः**

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत उपलब्ध गराउने,

(ग) जोखिम अवस्थामा रहेका बालबालिकालाई पारिवारिक पुनर्स्थापना गर्ने,

(घ) आवश्यक मनोसमाजिक परामर्श तथा स्वास्थ्योपचार उपलब्ध गराउने र

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकाको बालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने ।

**४. कोषको स्थापना :**

(१) जोखिममा रहेका बालबालिकालाई तत्काल उद्धार, राहत, स्वास्थ्योपचार र पुनर्स्थापना सहितको सहयोगका लागि बालकल्याण समिति कोष नामको एक कोष स्थापना गरिनेछ ।

**(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-**

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार,संघ, प्रदेश स्थानीय तह ,तथा स्थानीय तहकोवडा कार्यालय,अन्य संघ सस्था वा कुनै स्रोतबाट प्राप्त रकम ।

**५. कोषमा रकम जम्मा गर्न सक्ने :**

बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही स्थानीय बालकल्याण समितिसग सहकार्य गर्न चाहाने ,अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुले इच्छाएको रकम , स्थानीय सरकारले कोषमा जम्मा गर्न सक्ने छन् ।

६. **कोषको उपयोग : कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-**

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत दिन, स्वास्थ्योपचार गर्न तथा पुनर्स्थापना गर्न,

(ग) समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न

(ङ) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य जोखिम न्यूनिकरणका कार्य गर्न र गराउन ।

७. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** :

(१) कोषको रकम दफा ६ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्च रकमको दश प्रतिशतसम्मको रकम समितिको सचिवालय,सञ्चालन गर्ने खर्चको लागि उपयोग गर्न सकिने छ।कोषको स्थापना, वैठक खर्च स्थानीय तहले व्यवस्था गर्नु पर्ने छ ।

**८. समितिको गठन :**

(१) कोषको सञ्चालन तथा खर्च र व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

२) कोष सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सदस्य |

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) स्थानीय तहको लेखा प्रमुखले तोकेको लेखाको कर्मचारी कोष व्यवस्थापक सदस्य

(ङ) जिल्ला बालकल्याण समितिको प्रशासकीय अधिकृत – सदस्य

(च) स्थानीय वाल गृह संचालक सदस्य

(छ) सम्वन्धित शाखाको प्रमुख सदस्य-सचिव,

(ज) अन्य सदस्य आवश्यक परेमा स्थानीय तह प्रमुखले तोक्न सकिने

**९. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ञ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

## १०. समितिको बैठक र निर्णर्य :-

१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगे को मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ,बैठकमाविशेष सदस्यको रुपमा जिल्ला प्रशासन कार्यलय प्रमुख जिल्ला अधिकारी ,जिल्ला प्रहरी प्रमुख लाई आमन्त्रण गर्नु पर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य(सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्ने छन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।  र रकम पेटीकोषको रुपमा राख्नु पर्ने छ

**११. कोषको प्रशासनिक खर्च** :

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकमबाट खर्च हुने छैन ।

**१२. खाताको सञ्चालन :**

(१) कोषको रकम समितिको निर्णयले कुनै स्थानीय बैकमा आवश्यकता अनुसार मुद्धति र चल्ती दुबै प्रकारको खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन समितिको सदस्य-सचिव र स्थानीयतहको लेखा शाखामा काम गर्ने  तोकीएको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय व्ययको लेखा स्थानीय सरकारले  अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

**१४. रकम फ्रिज नहुने :**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१५. प्रतिवेदन पेश गर्ने :**

(१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कार्यपालिकामा समक्ष पेश गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**१६. बैठक भत्ता :** समितिका अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिए वापत प्रति बैठक रु. १०००/(एक हजार) रकम बैठक भत्ता वापत र अनुगमन वापत बालबालिका व्यवस्थापन तथा आतेजाते खर्च स्थानीय सरकारको नियम अनुसार व्यवस्था गर्न सकिनेछ ।(जोखीममा परेको कालकालिकालाई  व्यवस्थापनको लागि लाग्ने यातायात  खर्च )

**१७. कोषको सचिवालय :** कोषको सचिवालयस्थानीय तहको सम्वन्धित शाखामा रहनेछ

**१८. अभिलेख राख्ने :** समितिले आफूले गरेको काम कारबाहीहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१९. निर्देशन दिन सक्ने :** (१)स्थानीय तहको प्रमुख तथा उप प्रमुख, कार्यालय प्रमुखले  समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन  र अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२०. अधिकार प्रत्यायोजन :** समितिले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य वासमितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. कोष खारेज हुन सक्ने :**

(१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा कार्यपालिकाले कोष खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम स्थानीयतहमा स्वतःहस्तान्तरण हुनेछ

२२ बाधा अड्काउ फूकाउने : यस कोषको प्रयोग, कार्यान्वयन तथा सञ्चालनमा कुनै बाधा अड्काउ परेमा सम्वन्धित ।स्थानीय तह प्रमुख वाट समाधान हुनेछ ।